धनगढी उपमहानगरपालिका
DHANGADHI SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.सं.: २०८३/०८४
च.न.:

मितिः २०८३/०७/१८

सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशितः २०८३/०७/१८ गते)

यस धनगढी उपमहानगरपालिकाको कार्यालयका लागी आवश्यक पर्ने इन्टरनेट सेवाको खरिदका लागि विभिन्न इन्टरनेट सेवा प्रदायकहरुसंग यो सूचनामा प्रकाशित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकासित गरिएको छ।

शर्तहरुः

१. दरभाउ पत्र पेश गर्ने फर्म/कम्पनीले अनिवार्य रुपमा दरभाउ पत्र पेश गर्ने सम्बन्धि व्यहोराको लिखित निवेदन सहित नवीकरण भएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थप गरेको प्रमाण पेश गर्नुपर्नेछ।

२. दरभाउ पत्र पेश गर्ने फर्म तथा इन्टरनेट सेवा प्रदायकले अनिवार्य रुपमा आ.ब. २०८२/०८३ सम्मको मनोरञ्जन कर तिरेको हुनुपर्नेछ ।

३. इन्टरनेट सेवा प्रदायकको सेवा सम्पूर्ण वडाहरुमा पुगेको हुनुपर्नेछ। यदि इन्टरनेट सेवा प्रदायकले सम्पूर्ण वडाहरुमा इन्टरनेट सञ्चालन नगरेको तर न्यूनतम दररेट पेश गरेको अवस्थामा इन्टरनेट सेवा प्रदायकलाई यस उपमहानगरपालिकाले इन्टरनेट सेवा विस्तारका लागि बढीमा ७ दिन सम्मको समय सिमा तोक्न सक्नेछ र तोकेको समय सिमा सम्ममा तोकिएको स्थानमा इन्टरनेट पुर्याउनुपर्नेछ ।

४. दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट ७ दिन भित्र कार्यालय समयमा रु.१,०००/- रु. एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

५. सूचना प्रकाशित भएको मितिबाट ८ औं दिनको दिउँसो १२:०० बजे भित्र दरभाउ पत्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। रितपुर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउसो १:०० बजे सम्बन्धीत व्यक्ती, फर्म वा कम्पनी निजले तोकेको प्रतिनिधीको रोहवरमा खोलिनेछ। तर सम्बन्धीत व्यक्ति, फर्म वा कम्पनीले तोकेको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ पत्र सम्बन्धी कार्य गरिनेछ ।

७. दरभाउ पत्र दर्ता गर्दा बोलपत्र दाताले रु. ४५,०००/- (रु. पैंतालीस हजार रुपैयाँ मात्र) बराबरको रकम श्री धनगढी उपमहानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक स्थीत रहेको धरौटी खाता नं ४१७०१००३०३०००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको बैंक जमानत पत्र (बिडबण्ड) पेश गर्नुपर्नेछ ।

८. BoQ मा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरि लेखेर पेश गर्नुपर्नेछ। केरमेट भएको रकम मूल्यांकनमा समाबेश गरिने छैन ।

सुरेन्द्र सिह कार्की
अधिकृतस्तर आठौं